मिति २०७५।११।११ गतेको कार्यपालिकाको निर्णयहरु

**निर्णय न.१.** आ.व. २०७५/७६को लागी दोश्रो नगरसभाबाट स्विकृत तपशिल बमोजिमको अनुसुचीमा उल्लेखित निति,कार्यक्रम तथा बजेटको संसोधित अनुसुचिहरलाई स्विकृत गरी नगरसभामा पेश गर्ने।

तपशिल

क) राजश्व र अनुदान प्रप्तीको अनुमान -अनुसुचि २ को संसोधित विवरण

ख) ब्ययको अनुमान- अनुसुचि ३ को संसोधित विवरण

ग)सार्वजनिक निर्माण कार्यक्रम/योजना विवरण र विनियोजित रकम- अनुसुचि ४ को संसोधित विवरण ।

**निर्णय न.२.**

विनियोजित ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक २०७५ स्विकृत गरी नगरसभामा पेश गर्ने।

**निर्णय न.३.**

आर्थिक ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक स्विकृत गरी नगरसभामा पेश गर्ने।

**निर्णय न.४.**

स्वास्थ्य सम्बन्धि विधेयक स्विकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न.५.**

कृषी ब्यवसाय प्रवर्द्धन विधेयक स्विकृत गरी नगरसभामा पेश गर्ने ।

**निर्णय न.६.**

ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई करारमा ब्यवस्थित गर्ने र करारमा कार्यरत सामाजिक परिचालक लगायतका कर्मचारीहरुको पारिश्रमिक तथा सेवा सुविधाको सम्बन्धमा कार्यपालिकाले तोके बमोजिम हुन सभामा पेश गर्ने ।

**निर्णय न.७.**

म.ले.प.को डोरमुकाम महोत्तरीबाट आ.व. २०७४/७५ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनले औल्याएका नियमित गर्न भनेको बेरुजु रकम रु.८२४६७८१।१३ पैसा नियमित गर्ने ।

**निर्णय न.८.**

आ.व.२०७५/७६ पौष मसान्त सम्मको आय ब्याय विवरण अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

**निर्णय न.९.**

विभिन्न गैह्र सरकारी सस्थाबाट प्राप्त बजेट तथा कार्यक्रम स्विकृत गरी नगरसभामा पेश गर्ने ।

**निर्णय न१०**

नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतबाट बजेट कार्यान्वयनको सन्दर्भमा भएका निर्णयहरु अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

**निर्णय न.११.**

न्यायीक समितिबाट प्रस्तुत प्रतिवेदन अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

**निर्णय न.१२.**

बर्दिबास नगरपालिकामा २०७३ फाल्गुण २७ गते समायोजन भएका साविकका गाविसहरु - हाथिलेट,पशुपतिनगर,खयरमारा,र विजलपुरा) को आ.व.२०७२/७३ को अन्तिम लेखा परिक्षण दर्ता वाला लेखापरिक्षक रोहित एण्ड एसोसिएटस् कमलामाई ६ सिन्धुलीबाट भएकोमा प्राप्त प्रतिवेदन उपर छलफल भयो र उक्त लेखा परिक्षण प्रतिवेदनलाई अनुमोदन गरि नगरसभामा पेश गर्ने ।

**निर्णय न.१३.**

नगरपालिकाको विभिन्न मुद्धाहरुको प्रतिरक्षा,बहस पैरवी गर्न १ जना अधिबक्ता/वकिल/कानुनी सल्लाहाकार नियुक्ती गर्ने ।

**निर्णय न.१४.**

नदिजन्य उत्पादनको लागी बिक्रीकर प्रतिघन फीट रु.३ । का दरले ठेक्का लगाउने र २,३६,००० । घन मि. लाई न्युनतम आधार मान्ने गरी ।

**निर्णय न.१५.**

नगरपालिका क्षेत्र भित्रको सार्वजनिक ऐलानी र पर्ति जग्गा उपयोग तथा भोगचलन गरे बापत नगरपालिकाले संचालन गर्नु पर्ने बहाल विटौरी करलाई अझ प्रभाबकारी बनाउन लगत संकलन गरी अद्यावधिक गर्ने निर्णय गरि नगरसभामा पेश गर्ने ।